आज मिति २०७९ साल असोज ५ गते बुधबारका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री प्रलाद सापकोटाज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रलाद सापकोटा | |
| २ | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री कुल प्रसाद सापकोटा | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ . | श्री बालकृष्ण चापागाई | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महतो | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री अनन्त अधिकारी | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तमाङ्ग | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री ~~हेमराज थापा~~ सरिता गुरुङ | |
| १९ | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री यशोदा अधिकारी पौडेल | |
| २१ | कार्यपालिका सदस्य | श्री चन्द्रकला पनेरु | |
| २२ | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३ | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २५ | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६ | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७ | सचिव (प्र.प्र.अ.) | श्री छविलाल सुवेदी | |

अन्य उपस्थिती :

लेखा सल्लाहकार श्री रामहरि न्यौपाने

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

श्री उर्मिला तमाङ्ग दाहाल

**निर्णय नं. १:**

नगर कार्यपालिकाको मिति २०७९।०५।२७ गतेको बैठकको निर्णयहरुका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २:**

संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

बकुलहर रत्ननगर अस्पतालको शेरवाल निर्माण कार्यको प्राविधिक मुल्यांकन अनुसारको रकम रु. ९,९७,४९०।५३ विविध सार्वजनिक निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:**

यस रत्ननगर नगरपालिका वडा नं. १० स्थित टिकौली गौचरणको करिव ४(चार) विगाहा जग्गामा रि-क्रियसन पार्क तथा जलाधार पार्क निर्माण गर्न परामर्श सेवा खरिद गरी अगाडि बढ्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

विभिन्न आयोजनाहरुको (नगरस्तरिय) विस्तृत परियोजना प्रतिवेदन-DPR) तयारीको लागि पूजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट वजेट व्यवस्थापन गर्ने र प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

१. सात ढ्वाङ र चिसापानी स्थित मोटरेवल पुल निर्माण गर्न DPR तथा IEE गर्ने ।
२. रत्ननगर मार्केट निर्माण गर्न DPR तथा IEE गर्ने ।
३. बैरिया मा. वि. भवन निर्माण गर्ने DPR गर्ने ।
४. नगरपालिकाको प्रशासनिक भवन निर्माण गर्ने DPR गर्ने ।
५. नगरपालिकाको वडा नं. १ देखि १६ भित्रका विभिन्न सडक निर्माण निर्माणको लागि DPR गर्ने ।

**निर्णय नं. ६:**

यस नगरपालिका कार्यालयमा कार्यरत सेवा करारका कर्मचारीहरुको व्यवस्थापनका लागि तपसिल वमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

संयोजक - उप प्रमुख श्री यादव प्रसाद पाठक
सदस्य - वडा अध्यक्ष श्री कलाधर पौडेल, र.न.पा. १०
सदस्य - वडा अध्यक्ष श्री सोहेन्द्र राज खरेल, र.न.पा. ३
सदस्य - कार्यपालिका सदस्य श्री सानु भण्डारी बस्नेत
सदस्य सचिव - अधिकृत दशौं श्री बद्रीनारायण शर्मा

**निर्णय नं. ७**

यस नगरपालिकाको लागि ल्याव सामाग्री खरिद गर्न विविध पूर्वाधार निर्माण शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

मिति २०७९।०६।०९ गते कल्याणकारिणी सभाको माग वमोजिम थारु समुदायहरुलाई सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

श्री बछौली मा.वि. को विद्यालय भवन निर्माणका लागि विद्यालयले भारतीय दुतावासमा प्रस्तावना पेश गर्न कुल लागत इटीमेट रु. ४,८८,१७,९३४।६८ को २० प्रतिशत रकम यस नगरकार्यपालिकाको तर्फबाट साझेदारी गर्न सकिने व्यहोरा निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकाको ढल गाडीको कम्प्रेसर मोटर मर्मत गर्नुपर्ने भएकोले लागत अनुमान अनुसार मर्मत तथा खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस रत्ननगर नगरपालिकाको २०७९ असोज ५ गतेको भू-उपयोग परिषदको निर्णयहरु अनुमोदन गर्दै कार्यान्वयन प्रकृयामा लैजाने निर्णय गरियो ।

निर्णय नं. १२:

प्रदेश समपुरक कार्यक्रम अन्तर्गत मालपुर गणेश मन्दिरबाट चराचोक हुँदै सामुदायिक मार्गमा फुटपाथ सहित नाला निर्माण गर्न वडा नं. ६ र ७ को लागि विनियोजित वजेटमा थप रकम रु. ५०,००,०००।- (पचास लाख) र झुवानी हुँगे खोला तटवन्धन(वाटर किङडम निर्माण स्थल नजिक) वडा नं. ५ को लागि विनियोजित वजेटमा थप रकम रु.५७,००,०००।-(सन्ताउन्न लाख) बिबिध सार्वजनिक निर्माण शिर्षकमा बिनियोजित रकमे बाट व्यहोर्ने गरी ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३:

श्री मोहना मा.वि. र.न.पा. ९ को साईकल स्टेण्ड निर्माणका लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट रु. १,५०,०००।- (एक लाख पचास हजार) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनलाई स्मारिका प्रकासनको लागि रु. १५,०००।- (पन्ध्र हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

रत्ननगर नगरपालिका वडा नं. २ को बकुलहर अस्पताल देखि उत्तर नविनचोक सम्म सडकको दायाँ बायाँ फुटपाथ तथा नाला सहितको कालोपत्रे सडक निर्माणको लागि विविध अन्य सार्वजनिक निर्माण शिर्षकमा बिनियोजित रकमबाट रु. २,१०,००,०००।- (दुई करोड दश लाख) वजेट विनियोजन गर्ने निर्णय गरियो ।